# केही अनुत्तरित प्रश्नहरु

गान्धि राज भट्टराई

बांसपानी खोल्सो र गुह्ये खोलाको दोसांधले
त्रिवेणी पारेको सानो गाउं
तीनतिर छरिएका तीन परिवार
महिना दिनको अन्तरालमा
भटाभट जन्मे
केशव, माधव र दिनाखर ।
के मान्छेमा पनि पशुमा झैं सीजन आउंथ्यो होला?

गिंदरीको रुखका बनेका प्राकृतिक टोड्काहरुमा
आफुलाई सुरक्षित ठान्ने रुपीका बचेराहरु
कांढैकांढाले घेरिएर सुरक्षित तिलाहारे पाखाका पंदेलहरु
फराकचौरका डिलहरुमा लटराम्मे फलेका रसिला अर्चलहरु
केही बांकी रहेनन्
सबै निमोठिए, सबै चपाइए ।
के यो पाकृतिक नियम थियो?
या बालकहरुको उछृंखलताको चरमचुली?

दाइं गर्न खौरिएइका खेतका गह्राहरु
वर्षदिन पछि फेरी
कुन्यु र परालको कुरमा खेल्न पाइने संकेत थिए
श्राद्ध गर्न खौरिएका चिल्ला टाउकाहरु
आजको एकछाकीले गलाएको शरीरमा
भोलि बलहाल्नी खान पाइने
आशाका त्यान्द्राहरु थिए
स्कुलमा गयल हुन पाइने अकाट्य आधारहरु थिए
सीजनबाटै जीवनका गतिविधी निर्धारित थिए
जीवन संस्कृतिमा निर्धारित थियो ।
के त्यो अकाट्य थियो?
या परिवर्तनको प्रतिक्षामा थियो?

फराकचौरको पाटो सांघुरो भयो
या समयले परिवर्तन खोजेको थियो
आज वर्षौंको सहपाठ र सहयात्रापछि
पुनः महिना दिनको अन्तरमा
विछोडिए ती युवकहरु ।
के त्यो परिभ्रमण परिवर्तनको संवाहक थियो?

या अन्तरनिहीत महत्वाकांक्षा?

समयको गति निरन्तर थियो
स्वविवेकले निर्धारित पथमा
युवाहरु बढी नै रहे
आफ्नै आफ्नै क्षमता तिखारिंदै गए
एक्ला एक्लै समाजलाई केही दिंदै गए ।
जीवनको अमृत?
मृत्यको साधन?
या बांच्ने खोक्रो आश्वासन?

सामाजिक परिवर्तन सबैले चाहेका थिए
दु:ख, दर्द, र शोषणबाट उन्मुक्त
उन्नत समाज सबैले भाकेका थिए
साध्य सबैको एउटै थियो
तर साधनहरु फरक रोजिए
साधनको छनौटमा भएको मतभिन्नता
युद्धको उद्घोष भयो
एउटा साधन बोक्नेले
अर्को साधन बोक्नेको हत्या गर्‍यो
सांढेको जुधाइमा परेको बाच्छो समाज
तीन तिरबाट चिथोरियो
तीन कुनाबाट चोइटियो
क्षतविक्षत हुनेमा त्यही निर्दोष परयो ।
के उनीहरुले निर्धारित साध्य एउटै थियो?
या साध्यको नाममा
साधन बोक्नेहरुमाथी शासन गर्ने
महत्वाकांक्षा मात्र थियो?

यतिखेर,
समाजमा हुरी चलेको छ
देशमा संकटको भुमरी परेको छ
राज्यमा विश्वासको खडेरी परेको छ
यथास्थितिबादको फेरमा बस्दा
समाजबाट नांगिने डर भएको छ
त्यसैले तीन युवकहरु
एक अर्कालाई दोषारोपण गर्दै भए पनि
जम्काभेट भएका छन्
यतिखेर समाजलाई अलिकति आशा पलाएको छ
हतियार, गोलीबारुद र नाराबाजीहरु

सबैतिरबाट चलेर रित्याइए
अब
चौतारीमा मनको भडास निकालेर
पुस्तैनी केलाएपछि
के मनको मैलो सफा होला?
के अब सांच्चै सुलह होला?

अवर्न विश्वविद्यालय, अलावामा
अप्रिल २, २००३

बलहाल्नी : घरायसी भोजभतेरमा घीउ र चीनी मिसाएर दिइने पौस्टिक तत्व
सुलह : सन्धी वा मेलमिलाप

*प्रथम प्रकाशित:*
*द नेपाल डाइजेष्ट, पाक्षिक प्रकाशन*
*वर्ष १४, अंक ४ (२)*
http://thenepaldigest.org